
# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सुनकोशी गाउँपालिका
## सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सुनकोशी गाउँपालिका
## सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सुनकोशी गाउँपालिका

## सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, बिश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरूजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रूपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमति प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१
च.नं. १०१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,
सुनकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सिन्धुपाल्चोक ।

१. **कैफियत सहितको राय** — हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. २ करोड ९० लाख ९९ हजार बेरूजू देखिएको छ । सो सम्बन्धमा रू. ५ लाख १५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरूजु असुल गर्नुपर्ने रू.८७ लाख ७७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८५ लाख ५० हजार, नियमित गर्नुपर्ने रू.१ करोड ८ लाख ८ हजार र पेश्की बाँकी रू.४ लाख ५० हजार समेत रू. २ करोड ८५ लाख ८४ हजार रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रू.७ करोड ३३ लाख १९ हजार बेरूजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू.१० करोड १९ लाख ३ हजार रहेको छ । यस गाउँपालिकाको बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरूजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन

र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा —** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्त प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तले उच्च स्तरको आश्वस्त प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी )
**नायब महालेखापरीक्षक**

सुनकोशी गाउँपालिका,
सिन्धुपाल्चोक

## १. चालु वर्ष २०७९/८० को बेरूजु

बेरूजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरूजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरूजु | | | बेरूजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४४ | ८४ | २९०९९ | ० | १८ | ५१५ | ४४ | ६६ | २८५८४ | ८७७७ | १०८०८ | ८५५० | ० | ० | १९३५७ | ४५० |

## २. अद्यावधिक बेरूजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरूजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरूजु | यो वर्षको बेरूजु | कुल बेरूजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुपाल्चोक | ७३३१९ | - | - | ७३३१९ | ० | २८५८४ | १०१९०३ |

## ३. बेरूजु सम्परीक्षणको विवरण

(रू. हजारमा)

| क्र. सं | आर्थिक वर्ष | बेरूजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | १६ | असूल गरी बेरूजू दाखिला गरेको | २ |
| | | ४२ | असूल गरी बेरूजू दाखिला गरेको | ६९ |
| | | ४६ | असूल गरी बेरूजू दाखिला गरेको | १२० |
| | | | प्रमाण पेश गरेको | २११ |
| | | ५० | प्रमाण पेश गरेको | ६६ |
| | | ५२.४ | असूल गरी बेरूजू दाखिला गरेको | २ |
| | | ५४.२ | असूल गरी बेरूजू दाखिला गरेको | ४५ |
| | कुल जम्मा | | | **५१५** |

**गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## १ परिचय

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल ७२.८४ वर्ग किलोमिटर तथा १५३०७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१७ देखि २०८०।०५।२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको प्राप्ती तथा भुक्तानीको संक्षिप्त विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३,५७,६१७/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| कार्यक्रम/ब.उ.शी.नं. | वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| संघीय सर्शत चालु | बढी भुक्तानी | १०११७ | २०८०।५।२२ | नेपाल बैङ्क लिमिटेड |
| गाउँपालिका चालु | प्रेस सल्लाहकारको पारिश्रमिक | ३४७५०० | २०८०।७।२१ | नेपाल बैंक लिमिटेड |

२ **एकिकृत आय-व्यय विवरण -** पालिकाले पेश गरेको आर्थिक वर्ष २०७९/८० को एकिकृत आय-व्यय विवरण देहाय अनुसार रहेको छः

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ४८९७०९२०।३२ | १ | चालु खर्च | ३५६२२९६२३।९१ |
| | क) नगद | | २ | पूँजीगत खर्च | १६१९०६७६७।२३ |
| | ख) बैंक | | ३ | वित्तिय व्यवस्था भुक्तानी | |
| २ | राजस्व ( आन्तरिक आय) | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | ७५७१०८५५।६७ | | ग) अन्य भुक्तानी | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ४ | लगानी | |
| | क) वित्तिय समानीकरण अनुदान | ११४५१५००० | | ऋण लगानी | |
| | ख) सशर्त अनुदान | २४६४३२००० | | शेयर लगानी | |
| | ग) समपूरक अनुदान | २००००००० | | अन्य लगानी | |
| | घ) विशेष अनुदान | | ५ | धरौटी फिर्ता | ३८४०१७८ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ६ | जनश्रमदान फिर्ता | |
| | क) वित्तिय समानीकरण अनुदान | ११७९९००० | ७ | कोष फिर्ता | |
| | ख) सशर्त अनुदान | १९०१०००० | ८ | मौज्दात | |
| | ग) समपुरक अनुदान | ३००००००० | | क) बैंक मौज्दात | ८२०३९७४५।२६ |
| | घ) विशेष अनुदान | ११०००००० | | ख) नगद मौज्दात | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | ९ | शसर्त अनुदान फिर्ता | |
| ६ | अन्य | | १० | गत बर्षको बढी अल्या | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क) क्षेत्रीय शहरी विकास योजना | | ११ | जनश्रमदान मौज्दात | |
| | ख) सडक बोर्ड नेपाल | १६००००० | १२ | धरौट मौज्दात | ४२४२५९३।०७ |
| | ग) भोटेकोशी जलविध्यत बाट | ६७५००० | १३ | सामाजिक सुरक्षा खर्च | १०४३४६३५६।४७ |
| | घ) गत आ.व.को मालपोत | १७७७७७८ | १४ | गरिवसंग विशेश्वर | ४५३००० |
| ७ | अन्य विभिन्न संस्थाबाट आय | १०००००० | | | |
| ८ | सु.प्र.अधिकारीको तलव | ३८०४९२।५० | | | |
| ९ | रोयल्टी | ३१४६९७७।६० | | | |
| १० | धरौटी आय | ८०८२७७१।०७ | | | |
| ११ | सामाजिक सुरक्षा | १०४३४६३५६।४७ | | | |
| १२ | गरिवसंग विशेश्वर | ४५३००० | | | |
| १३ | पे.फ.बाट प्राप्त | १०१८५०० | | | |
| १४ | आन्तरीक सवारी कर | २८२५०० | | | |
| १५ | बैंक स्टेटमेन्ट अनुसार थप रकम | ४६६५६५।६० | | | |
| | अन्य विभिन्न राजश्व | ४२९०८०५।१२ | | | |
| | मालपोतबाट प्राप्त | ९७६७५३ | | | |
| १६ | दुर संचारबाट प्राप्त | ११०२२९०।८० | | | |
| | गत बर्षको दहत्तर बहत्तर | ४९०६९६७।७९ | | | |
| | कर्मचारी कल्याण कोष | १११३७३० | | | |
| | **जम्मा** | ७१३०५८२६३।९४ | | **जम्मा** | ७१३०५८२६३।९४ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **खर्च बिश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु.१८५४१८४७/११, राजस्व बाँडफाँड रु. ७५७१०८५५/६७ र अनुदानबाट रु.४५२७५६०००/- समेत रु.५४७००८७०२/७८ आम्दानी भएकोमा चालु तर्फ रु.३५३७१५५११.९१ र पूँजिगत तर्फ रु.१६४४२०८७९/२३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.५८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.८०५५४७७/१६ खर्च भएको छ जुन आन्तरिक आयको ४३.४४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.२७ प्रतिशत चालु र ३१.७३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५,२३,८२,२८०.३२ मौज्दात रहेकोमा यो वर्ष

रु.४,८९,७०,९२०.३२ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३४,११,३६० घटी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्ने ।

५ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१)बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधन को सन्तुलित वितरण को खाका, बजेटकोकूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको थमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरि सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुखप्रशासकिय अधिकृतले चैत्र १५गतेभित्र पालिकाका विषयगत शाखा तथा वडासमितिलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको तर तोकिएको समय सिमा भित्र बजेट सिमा उपलब्ध गराउन नसकिएको तथा संघ र प्रदेशबाट प्राप्त हुने बजेट सिमा समय भित्र प्राप्त नभएकोले समयमै सिमा निर्धारण गर्न नसकिएको पालिकाले जनाएको छ ।ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानु पर्दछ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

७ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०७९/03/10 मा रु।54 करोड 58 लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।४।१३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।३० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

८ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका

दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ ।स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

९ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१६४४२०८७९.२३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१० **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार सभाले लेखा समिति गठन गरेको भएता पनि लेखा समितिमा यस कार्यालयको महालेखा परीक्षकको प्रतिवेदन सम्बन्धमा छलफल भएको देखिँदैन ।

• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।

• बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(२) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब भत्ता प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र भुक्तानी गर्नुपर्नेमा तलबी प्रतिवेदन पारित वेगर खर्च लेखेको पाइयो ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार रु २० लाख भन्दा माथी लागत अनुमान भएको निर्माण कार्यको बिमा गराउनुपर्नेमा केही योजनाको बिमा गराएको देखिएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक स्थायी प्राविधिक कर्मचारीको अभाव रहेको पाईयो ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८(१) वमोजिम प्रमुख प्रशासकीय अधिकृतले सेवाका पदहरुको कार्य विवरण (अनुसूची -५) बमोजिमको ढाँचामा तयार गरी लागू गर्नु पर्नेमा सो गरेको पाईएन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस नगरपलिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

११ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर वापत अनुमान रु.२००००००००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१८५४१८४७.११ आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१२ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको खापरीक्षण गराउने जिम्मेवारी कार्यालयप्रमुखको हुने व्यवस्था रहेको छ। पालिका बाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व. को बाँकी के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। अतःकार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूली लाई स्वचालित प्रणालीमार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

१३ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०७९।८०मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७४४४२२५१/७३ | १८५४१८४७/११ | ४.९५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदान बाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.९५ प्रतिशत मात्र रहेको छ।त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४ **आन्तरिक राजस्व -** गाउँपालिकाबाट संकलित आन्तरिक राजस्वसँग सम्बन्धित व्यहोराहरू देहाय बमोजिम रहेका छनः

१४.१ **राजस्व दाखिला-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानुन बमोजिम प्राप्त हुन आएको राजस्व तथा सरकारी रकम प्राप्त भएपछि सोही दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेबार व्यक्तिले तोकिए वमोजिमको ढाँचामा राजस्वको लेखा राखि बैङ्क दाखिला गर्नुपर्ने उल्लेख छ । पालिका अन्तर्गतका वडाहरूबाट संकलित राजस्व रकम ऐनको व्यवस्था अनुसार समयमा दाखिला नगरी महिनौं ढिला दाखिला गर्ने गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ । यो वर्ष संकलित राजस्व मध्ये ढिला दाखिला गरेको राजस्वको केही उदाहरण देहाय अनुसार रहेको छः

| वडा | कुल संकलित रकम | बैङ्क दाखिला मिति | दाखिला रकम |
|---|---|---|---|
| १ | १,८६,२११/- | २०७०/५/१३ | ५४४२/- |
| | | २०७९/६/२ | १६०००/- |
| | | २०७९/११/२६ | ६२०००/- |
| | | २०८०/२/२२ | ६४०००/- |
| | | २०८०/३/२२ | ३९७६९/- |
| २ | १,९६,२५५/- | २०७९/४/९ | १५२०/- |
| | | २०७९/५/१३ | २१०२८/- |
| | | २०७९/११/२६ | १०२०००/- |
| | | २०७९/१२/२९ | ५३५०/- |
| | | २०८०/२/११ | ५६८०६/- |
| | | २०८०/३/२१ | ६१६५/- |

| | | | |
|---|---|---|---|
| | | २०८०/३/२९ | ३३८६/- |
| ७ | १,९६,६८९/- | २०७९/६/1 | १९१३५/- |
| | | २०७९/८/२६ | ४३१६०/- |
| | | २०७९/१२/१४ | ५८१७०/- |
| | | २०८०/१/२९ | २२०००/- |
| | | २०८०/२/२३ | ३७०९५/- |
| | | २०८०/३/२१ | १७१३०/- |

१४.२ पालिकाले यो वर्ष आन्तरिक आयतर्फ पालिका केन्द्र र वडा कार्यालय समेतबाट रू.२४,४५,६९०/-, दहत्तर बहत्तरतर्फ अमानतबाट रू.१,४९,९९५/-, सवारी कर वापत रू.२,८२,५००/-तथा भ्यूटावरबाट रू.३७,६७५/-आम्दानी गरेको विवरण पेश गरेको छ । पालिकाले वडा कार्यालयबाट म्यानुअल नगदी रसिद काट्ने गरेकोमा रसिद नियन्त्रण खाता व्यवस्थित गरेको देखिएन । पालिकाबाट छापिएका रसिद सिलसिलेबर आएको र स्टोरबाट गएको देखिने गरी रसिद नियन्त्रण खाता व्यवस्थित नगरेकोले कति रसिद छापियो, कति खर्च भयो र कति बाँकी रह्यो तथा खर्च भएका रसिदबाट कुल आम्दानी कति भयो भिडान गर्न सकिएन । पालिकाले दैनिक संकलित राजस्वको दैनिक तथा मासिक अभिलेख खाता समेत राखेको छैन । पालिकाले पेश गरेको संकलित राजस्वको विवरण अनुसार वडागत रूपमा आषाढमा भएको दाखिला महिनाको अन्त्यमा नभई ८/१० दिन अगाडिको दाखिला देखिएको तथा बाँकी राजस्वको थप विवरण समेत पेश नगरेकोले दाखिला पश्चात आर्थिक वर्षको अन्तिम समयमा उठेको राजस्व सम्बन्धमा यकिन गर्न सकिएन । यस सम्बन्धमा पालिकाले आन्तरिक छानबिन गरी राजस्व रकम यकिन गर्नुपर्दछ ।

१५ **व्यवसाय कर-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्य क्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ।यस वर्ष पालिकाले व्यवसायदर्ता तथा नवीकरण शुल्क वापत रु.68850 कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्र भित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन्।जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन।तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायी को अद्यावधिक अभिलेख राखी करको दायरा भित्रल्याउनु पर्दछ।

१६ **घटी कर दाखिला-**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२० को निर्णयबाट रू.१,५३०/- सम्परीक्षण गरिएको ।)*

१७ **न्यायिक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष

थप भएको १८ गरी कुल १९ विवाद दर्ता भएकोमा १५ वटा मात्र फस्यौंट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१८ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, ७ वटा नियमावली, २८ कार्यविधि लगायत ४७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गर्ने गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१९ **क्षेत्राधिकार बाहिर भई कानून निर्माण -** नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था छ । त्यसैगरी संविधानको अनुसूची- ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर सुनकोशी गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ८१ को सजाय अन्तर्गत ८० (१)(क) देखि (ङ) सम्म विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय हुने व्यवस्था गरेको छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको मात्र हुने देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

२० **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २८ वटा सहकारी संस्था रहेकोमा सहकारी संस्थाहरुको एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दर्ता भएको सहकारी संख्या २२ रहेको छ । सोमध्ये कुनै पनि सहकारी संस्थाले मासिक प्रतिवेदन एकीकृत सूचना व्यवस्थापन प्रणालीमा(COPOMIS) विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्कसङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नु पर्ने तथा आफ्नो क्षेत्र भित्र को शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहित को पालिकाको प्रोफाइल तया र गर्नु पर्ने व्यवस्था छ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड

बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२२ **स्वतः पद रिक्त -** बाग्मती प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस ऐनमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ती स्वतः बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०८०/८१ का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपठाई १ वर्ष अवधिका लागि करारमा नियुक्त गरेको कार्य नियमसम्वत् नदेखिनुका साथै उक्त करार सम्झौता स्वतः निष्क्रिय हुने देखिन्छ । साथै स्वतः बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत पालिकाले ध्यान दिनु पर्दछ ।

२३ **रिक्त पदको सूचना नदिएको -** बाग्मती प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी १११ जना रहेकोमा विभिन्न पदमा २५ जना स्थायी र ७१ जना करारमा कार्यरत रही १५ दरबन्दी रिक्त रहेका छन् ।केही पदका लागि माग आकृती फारम भरेर पठाएकोमा प्रदेश लोकसेवा आयोगबाट विज्ञापन भइसकेको पालिकाले जनाएको छ ।

२४ **कर्मचारी करार -** बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) अनुसार स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । पालिकाले यस वर्ष स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐनले गरेको व्यवस्था विपरित विभिन्न ३१ पदमा ७१ जना करारमा कर्मचारी नियुक्ति गरी रु.१,०२,२५,६२६।— पारिश्रमिक भुक्तानी गरेको कार्यलाई नियमसम्मत मान्न नसकिने रु.

| | |
|---|---|
| अनियमित भएको | १,०२,२५,६२६ |

२५ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२६ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २४३३४५८२ | १९४९७९५५.२६ | ३.७६ |

| | | | | |
|---|---|---|---|---|
| २ | पूर्वाधार विकास | १७६३३२४४०.८० | १३४९७८१६१.०३ | २६.०५ |
| ३ | सामाजिक विकास | २७१२९६००० | २३६८७५१६२.०२ | ४५.७१ |
| ४ | बातावरण तथा विकास | ६०१२७५०० | ६०९६६२९७ | ११.७७ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १७५००००० | १०००००००० | १.९३ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ६३७९८८५० | ५५८१८८१५.८३ | १०.७७ |
| जम्मा | | ६१३३८९३७२.८० | ५१८१३६३९१.१४ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४५.७१ प्रतशित र संथागत वकिास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी १.९३ प्रतिशत रहेको छ।

२७ **परामर्स तथा डीपीआर खर्च -** पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिम को कार्य परामर्शदाता बाट गराई प्रतिवेदन प्राप्त गरको छ। पालिकाले यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बराबरीकै लागत अनुमान स्वीकृत गरी रकम खर्च गरेको देखिन्छ । पालिकाले डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गरेको छैन । आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट सम्पन्न हुननसक्ने कार्य मात्र परामर्शदाताबाट सम्प्न गराउने तर्फ ध्यान दिनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार गर्दा त्यस्ता आयोजनाहरु कार्यान्वियनमा गएको सम्बन्धमा समेत आश्वस्त हुनुपर्दछ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| ज्ञानीखोला बढाथोकी गाउ हेपो भञ्जयाङ्ग सडकको डिपिआर | Thakur Engineering Consultancy & Design Pvt.ltd | ४९९१५७ | ४७२५५० | ३२८३१७४१३ |
| तिनथुम्के छाप बुद्धपार्क निर्माण डि पि आर | Space Development Engineering PVT Ltd | ४९९०९२ | ४७७४३१ | ३८२२८७२७ |
| सुनकोशी गाँपालिका भू उपयोग योजना निर्माण | Ambience Consult Pvt Ltd | ४९९२१२ | ४९४८९० | - |
| चेहेररे देखि तौथली खोलासम्मको कोरीडोर डि पि आर | Diyalo Engineering Consultancy | ६९९४८६ | ६९६०८० | ५६३७६९६७९ |

| | | | | |
|---|---|---|---|---|
| गाउँपालिका स्तरीय सिँचाइको सम्भाब्यता अध्ययन र गुरुयोजना निर्माण | Dexterous Construction and Designers Pvt | ९९९२५७ | ९८५९६५ | - |
| पालिका स्तरीय यातायात गुरुयोजना निर्माण | Cloverleaf Engineering Pvt ltd | ९९८८२७ | ९९४०० | - |
| संक्षिप्त वातावरणीय परीक्षण प्रतिवेदन | Diyalo Engineering Consultancy Pvt ltd | ३९९८७९ | ३४५२०० | ६२६८१०० |
| **Tourism Development Master Plan** | Dream Developer Pvt | ११९७००९ | ११९६२१८ | - |
| सुकुटे उखुबारी पुरानकोट मिलडाँडा महेन्द्रकान्ति सडक | East Engineering Solution | ३३२२६७ | ३०१००० | ४०००००० |
| लागत अनुमान तथा बिड डकुमेन्ट तयारी( प्रदेश समपुरक योजना) | Brick Engineering and Construction | ३५०००० | ३४०००० | ५०००००० |

२८ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२९ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ४७.१३ देखि ३०.२० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको

तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सीतापाइला थामडाँडा पदमार्ग | २-२७९।८० | केडिएन कन्स्ट्रक्सन गोकामेश्वर | १००००००० | ४६९७९८३.०५ | ४७.१३ |
| २ | सियाले सुनखानी सडक | ३-२७९।८० | के एण्ड जे क | १००००००० | ५९४७२३१.९८ | ३८.६८ |
| ३ | बाह्रकिलो सुनखानी रतनकोट सडक | ४-२७९।८० | श्री माता सरस्वति निर्माण सेवा | १००००००० | ५१११०९१.२९ | ४४.३८ |
| ४ | जिसीगाउँ बेखसिम्ले सडक | ६-२७९।८० | वीरभक्त निर्माण सेवा | १००००००० | ६७०००८७.०२ | ३०.२० |
| ५ | कालिका वडा कार्यालय मिलडाँडा पूरानकोट सडक | ७-२७९।८० | बुवासे निर्माण सेवा | २००००००० | ११४८५१११.२२ | ४०.३४ |
| ६ | कृषि उपज संकलन केन्द्र तथा भण्डारण गृह निर्माण वडा नं १ | ११-२७९।८० | केडिएन कन्स्ट्रक्सन गोकामेश्वर | ३३३५८७७.५७ | २१०५३६९.५६ | ३५.९६ |
| ७ | कृषि उपज संकलन केन्द्र तथा भण्डारण गृह निर्माण वडा नं १ | १०-२७९।८० | केडिएन कन्स्ट्रक्सन गोकामेश्वर | ४५१४९१७.६७ | २८८९६८७.२४ | ३५.५६ |

३० **पालिकालाई थप व्ययभार -** संघीय समपुरक अनुदान सम्बन्धि कार्यविधि, २०७७ तेस्रो संसोधनमा कुल लागतको अधिकतम ५० प्रतिशतसम्म नेपाल सरकारले स्थानिय तहलाई समपुरक अनुदानको रकम प्रदान गर्न सक्ने व्यवस्था छ । साथै प्रदेश सर्शत अनुदान सम्बन्धी कार्यविधि,२०७९ (बागमती प्रदेश) मा जुन आर्थिक वर्षको लागि प्रदेश सर्शत अनुदान प्राप्त भएको सो रकम सोही आर्थिक वर्षमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय समपुरक अनुदानतर्फको निम्न योजनामा ५०/५० को अनुपातमा खर्च लेख्नुपर्नेमा पालिकातर्फ रु.१४,९३,०५३।०० बढी व्ययभार पर्ने गरी भुक्तानी गरेको र प्रदेशको सर्शत अनुदानतर्फको

योजना सम्झौता बमोजिमको म्याद भित्र निर्माण कार्य सम्पन्न हुन नसक्दा रु.५९,४९,२८९।९७ समेत पालिकालाई रु.७४,३६,८७८।०० थप व्ययभार परेको छ । उचित अनुपातमा खर्च भुक्तानी गर्नुपर्ने, समयमै संघीय सरकारबाट समपुरक अनुदानको अख्तियार प्रदान गर्ने, निर्माण व्यवसायीलाई सम्झौता बमोजिम समयमै कार्यसम्पन्न गर्न जिम्मेवार बनाउने तथा कार्यालयको योना अनुगमन प्रणालीलाई प्रभावकारी बनाई पालिकालाई थप आर्थिक दायित्व नपर्ने गरी समपुरक अनुदान तथा सर्शत अनुदानको पूर्ण उपयोग गर्नेतर्फ पालिकाले ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

| **ठेक्का नं** | **स्रोत** | **योजना को नाम** | **लागत अनुमान** | **सम्झौता रकम** | **निर्माण व्यवसायी** | **सम्पन्न गर्नुपर्ने मिति** | **हालसम्मको भुक्तानी (पेश्की सहित)** | **पालिकालाई थप व्ययभार रकम** |
|---|---|---|---|---|---|---|---|---|
| १०/२०७९।८० | प्रदेश सर्शत | कृषि उपज संकलन तथा भण्डारण गृह | ४५१४९१७.६८ | २८८९६८७.२२ | के डि एन कन्स्ट्रक्सन | २०८०।३।२० | १३९६६३४ | १४९३०५३ |
| | प्रदेश सर्शत | बाहकिलो बेखासिम्ले सडक | ४९९९०३६.९७ | ४४५६२३६.९७ | वीरभक्त निर्माण सेवा | २०८०।३।१५ | - | ४४५६२३६.९७ |
| ६-२०७९।८० | संघिय समपुरक | जिसीगाउँ भेखिमिले सडक | १००००००० | ६७०००८७.०२ | वीरभक्त निर्माण सेवा | २०८०।३।२० | ६६५१३७८ (पालिकाले रु.३३२५६८९ ब्यहोर्नुपर्ने रु.४८१३२७८) | १४८७५८८ |
| | | | | | | | **जम्मा** | **७४३६८७८** |

३१ **समपुरक अनुदान -** समपुरक अनुदान सम्बन्धी(तेस्रो संसोधन) कार्यविधि, २०७७ को दफा ६ र प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधिको दफा ४(२) मा क्रमशः कुल लागतको अधिकतम ५० प्रतिशतसम्म नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई र प्रदेश सरकारले स्थानीय तहलाई समपुरक अनुदानको रकम प्रदान गर्न सक्ने व्यवस्था छ । संघ र प्रदेशबाट प्राप्त अनुदानबाट पालिकाले निम्न योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत भन्दा बढी हुनेगरी संघीय समपुरक अनुदानतर्फ रु.१९६०५६६।० र प्रदेश अनुदानतर्फ रु.६०६१८६७।०० समेत रु. ८०२२४३३।०० पालिकालेद्वारा कम रकम योगदान गरेकोले

कार्यविधिमा व्यवस्था भए भन्दा संघ र प्रदेश सरकारको स्रोतबाट बढी अनुपातमा भुक्तानी भएको रकम संघीय सञ्चित कोष तथा प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| ठेक्का नं | स्रोत | योजनाको नाम | लागत अनुमान | सम्झौता रकम | कार्यसम्पन रकम/ भुक्तानी रकम | ५०/५० प्रतिशत वापतको रकम | पालिकाले ब्यहोरेको रकम | थप व्यभार रकम | थप व्ययभार |
|---|---|---|---|---|---|---|---|---|---|
| ९/२०७९। ८० | संघीय समपूरक | सुकुटे उखुबारी पुरानकोट मिलडाँडा महेन्द्रकान्ति सडक | ३९९९९७ ७८ | ३४०५३२ ९१ | ३२९३६९ ९९ | १६४६८५ ०० | १४५०७९ ३४ | १९६०५६६ | संघ |
| | प्रदेश समपुरक | कालिका वडा कार्यालय मिलडाँडा पुरानकोट सडक | २००००० ०० | ११४८५१ ११ | ११४०८५ ६८ | ५७०४२८ ४ | १८३३७१ ८ | ३८७०५६६ | प्रदेश |
| ४/२०७९। ८० | प्रदेश समपुरक | बाहकिलो सुनखानी रतनकोट सडक | १००००० ०० | ५१११०९ १ | ४९४८२३ ४ | २४७४११ ७ | २८२८१६ | २१९१३०१ | प्रदेश |
| | | | | | | | जम्मा | ८०२२४३३ ।०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,२२,४३३ |

३२ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च —** पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमुना छनौटको आधारमा परिक्षण गर्दा यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| गो भौ र मिति | कार्यक्रमको विवरण | रकम |
|---|---|---|
| ३२५-२०८०।२।२१ | हलगोरु पालक कृषक दाना | ४७७०००।०० |

| | | |
|---|---|---|
| ५८६-२०८०।२।२१ | हलगोरु पालक कृषक दाना | १४८०५२।०० |
| ३२३-२०८०।२।१९ | खेलकुद कार्यक्रम | ३०००००।०० |
| ३३५-२०८०।२।२३ | कृषकलाई विद्युतिय स्प्रे वितरण | २०२५००।०० |
| ३३६-२०८०।२।२१ | कृषकलाई विद्युतिय स्प्रे वितरण | २२३३९९।०० |

३३ **कार्य स्वीकार प्रतिवेदन/कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्चाउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायको प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रईङ डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कार्य स्वीकार र कार्यसम्पन्न प्रतिवेदन एउटै बनाएको देखियो । ऐन नियममा भएको व्यवस्था बमोजिम निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन तयार गरी उक्त निर्माण कार्यको त्रुटी सच्चाउने अवधि समाप्त भए पश्चात् कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

| ठेक्का नं. | निर्माण कार्यको नाम | निर्माण व्यवसायीको नाम | कार्य सम्पन्न रकम |
|---|---|---|---|
| ०५/२०७९।८० | सकुटे उखुबारी पुरानकोट मिलडाँडा महेन्द्रकान्ति सडक | बज्र एस आर बी जे भि | ३२९३६९९९।८९ |
| ०६/२०७९।८० | जिसी गाउँ बेखीमिले सडक | वीरभक्त निर्माण सेवा | ६६५१३७९।०० |
| ०९/२०७९।८० | सकुटे कालिका सडक स्तरोन्नी | बुवासे निर्माण सेवा प्रालि | ४४३५७९३।६३ |
| - | कालिका वडा कार्यालय मिलडाँडा पुरानकोट सडक | बुवासे निर्माण सेवा प्रालि | ११४०८५६९।८९ |
| ०४/२०७९।८० | बाह्रकिलो सुनखानी रतनकोट सडक | माता सरस्वती निर्माण सेवा | ४९४८२३४।०० |

३४ **उपभोक्ता समितितर्फ**

३४.१ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन

भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३४.२ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **सम्झौता रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| ८७-२०७९।११।२८ | कोठे सडक मर्मत सुधार उपभोक्ता समिति | सडक मर्मत | २१८७३१।३२ | जे सि बि | १९४००० |
| ११२-२०७९।१२।८ | स्वास्थ्य चौकी सडक निर्माण | सडक निर्माण | ३०००००।०० | जे सि बि | १२२७६२ |
| १५३-२०७९।१२।२९ | नवज्योति आधारभु विद्यालय खेल मैदान उपभोक्ता समिति | खेल मैदान | १०७९२०।०० | जे सि बि | ९५५३० |
| १५४-२०७९।१२।२९ | बिमिरे कृषि सडक निर्माण उपभोक्ता समिति | कृषि सडक | २१५७८७।६२ | जे सि बि | १९४००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २१८-२०८०।१।२८ | स्वारा पुरानगाउँ तोरीबारी सडक निर्माण उपभोक्ता समिति | सडक निर्माण | ५३८९८८।४४ | जे सि बि | ४८५००० |
| २५३-२०८०।२।३ | ढोडेनी ताप्लुङ्ग मोजेपोस सेरा कृषि उपभोक्ता समिति | कृषि सडक | ४३३२३२।३४ | जे सि बि | २७२५५२ |
| २७७-२०८०।२।७ | भुमेयान ठूलचौर कृषि सडक निर्माण उपभोक्ता समिति | कृषि सडक | २१५६६९।१० | जे सि बि | १५८२०० |
| २८९-२०८०।२।७ | बिमरेनी भैसे खोरड अम्बोटे मोटरबाटो उपभोक्ता समिति | सडक मर्मत | ५३८६८६।४९ | जे सि बि | ३७३९९९।९६ |
| २८७-२०८०।२।१० | पेङ्गलखोला पुरानोगाउँ टिमुरेखोला सडक मर्मत उपभोक्ता समिति | सडक मर्मत | ६६७८४४।१९ | जे सि बि | ३५०१०७।९० |
| ३७५-२०८०।२।३२ | ठूलढुँगे कल्लाबारी मलमासी सडक स्तरोन्नी उपभोक्ता समिति | सडक मर्मत | ३७८३५२।८३ | जे सि बि | १२६५६० |
| ४४५-२०८०।३।२२ | रातेमाटे अम्बोटेडाँडा बाघखोरे सडक निर्माण | सडक निर्माण | ६३४७८८।१० | जे सि बि | ५३७२५२।४१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | उपभोक्ता समिति | | | | |

३४.३ **उपभोक्ता समिति कार्यको बिमा -** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११२ ३(क) मा नियम ९७क बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बिमा वापतको खर्च ब्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले उपनियम१ बमोजिम बिमा गराउनुपर्ने तथा बिमा गराउने कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गरीदिनुपर्ने व्यवस्था छ । कार्यालयले रु.२० लाख भन्दा बढी भएको उपभोक्ता समितिद्धारा कार्यान्वयनमा ल्याईएको कुनै पनि योजनामा बिमा गरिएको छैन ।नियमावलीमा व्यवस्था भए बमोजिम उपभोक्ता समितिद्धारा गरिने निर्माण कार्यमा बिमा गराउने कार्यको लागि कार्यालयले आवश्यक सहजीकरण गरी अनिवार्य रुपमा बिमा गराउनु पर्दछ ।

३५ **पाईप तथा ग्याबिन खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई प्रमाण र कागजात संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहाय बमोजिम रू.१४०२४७१/- मूल्यको ग्याबिन जाली (जि.आई. तार जाली) तथा खानेपानी पाईप खरिद तथा दाखिला गरी खर्च जनाएकोमा उल्लेखित समाग्री कुन योजनाको लागि खरिद गरेको हो सोको विवरण पेश गरेको छैन । पालिकाले विपद व्यवस्थापनको लागि खरिद गरेको र सो सामाग्री वडा कार्यालयलाई वितरण गरेको जनाएतापनि विपद व्यवस्थापनको लागि छुट्टै बजेट व्यवस्था भएको, विपद व्यवस्थापनको नाममा चालु खर्च शीर्षकबाट खरिद गर्नुपर्नाको स्पष्ट कारण नखुलाएको, वडा कार्यालयले उल्लेखित सामाग्री माग गरेको नदेखिएको तथा वडा कार्यालयले सो तार जाली र पाईप प्राप्त गरी उपयोग गरेको प्रमाण समेत पेश गरेको नदेखिएकोले वर्षान्तमा गरिएको उक्त खरिदमा आश्वस्त हुन सकिएन । पालिकाले उल्लेखित तार जाली र खानेपानी पाईपको उपयोगको अवस्था यकिन गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.

| **भौ.नं./मिति** | **आपूर्तक** | **खरिदको विवरण** | **रकम** |
|---|---|---|---|
| ५९६-०८०/२/२२ | आशापुरी वायर्स प्रा.ली. | १.५*१*१ जि.आई.तार जाली १११ थान | ९५०५२२/- |
| | | २*१*१ जि.आई.तार जाली १५१ थान | |
| ६१२-०८०/२/२४ | सत्य साई बाबा इन्टरप्राइजेज | एच.डि.पि.ई. पाईप खरिद | ४५१९४९/- |
| | **जम्मा** | | **१४०२४७१/-** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,०२,४७१ |

३६ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचनाप्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदानं.४.१मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भएनभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले E-attendance machine र सफ्टवेयर खरिद गरी देहाय बमोजिम रु.1102000 खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभाग बाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नु पर्दछ ।

३७ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सम्बन्धित आर्थिक वर्षमा भुक्तानी दिन नसकिएको रकम प्रमाणित गरी यस आर्थिक वर्षमा भुक्तानी दिन सकिने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा भुक्तानी दिन बाँकिको कच्चाबारी प्रमाणित गरी यस वर्ष रु.२४४०२९०।०० भुक्तानी गरेको छ ।साथै यस आर्थिक वर्षमा समेत रु.१६२४७५२५।०० भुक्तानी दिन बाँकि कच्चबारी विवरण तयार गरि राखेको देखिन्छ । यसरी सम्बन्धित आर्थिक वर्षमा बजेट नपुग हुनबाट भुक्तानी दिन नसकिने गरी कार्यक्रम गरिनु उपयुक्त देखिदैंन ।

३८ **खर्च शिर्षक फरक -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) अनुसार कार्यालय प्रमुखले कुनै बजेट उपशीर्षकमा विनियोजित बजेट रकम अपर्याप्त छ र सो रकम खर्च नगरेमा सरकारी हानि नोक्सानी हुन वा सरकारी काममा बाधा पर्ने देखेमा सोको स्पष्ट कारण खुलाई सोही उपशिर्षकको अर्को खर्च उपशीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यसरी खर्च भएको रकम नियमित गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्न उपशीर्षकमा विनियोजित बजेट के-कति नपुग हुने हो एकीन नै नगरी के कति कारणले अर्को उपशीर्षकमा विनियोजित बजेट रकमबाट खर्च गर्नु परेको हो कारण समेत नखुलाई एउटा उपशीर्षकबाट गर्नुपर्ने खर्च अर्को उपशीर्षकबाट गरेको र नियमित समेत नगरेकोले शीर्षक फरक गरी गरेको खर्चलाई नियमसम्मत भएको मान्न नसकिने रु.

| गो.भौ. र मिति | खर्च लेख्नुपर्ने शीर्षक | विवरण | खर्च लेखेको शीर्षक | शीर्षक फरक खर्च |
|---|---|---|---|---|
| ३७-२०८०।१।१९ | पदाधिकारी सुविधा | बैठक | कालिका वडा कार्यालय मिलडाँडा पुरानकोट सडक | १९२०००।०० |

| | |
|---|---|
| अनियमित भएको | १,९२,००० |

३९ **बितरणमुखी खर्च—**पालिकाले यो वर्ष महिला मातृशिशु बचत तथा ऋृण सहकारी संस्था ली. लाई तिज बिशेष सांस्कृतिक कार्यक्रम सञ्चालन गरे वापत अनुदान स्वरूप भौ.नं. ३६-०७९/६/३१ बाट रू.७०,०००/- खर्च उपलब्ध गराएको देखियो । पालिकाले अनुदान उपलब्ध गराउने आधार समेत स्पष्ट नगरी नाफामुलक संस्थालाई तिज विशेष कार्यक्रमको नाममा रकम भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७०,००० |

४० **सञ्चार खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(३) मा गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने तथा उपदफा (५) मा राजपत्रमा प्रकाशन नभएसम्म त्यस्तो कानुन लागू नहुने उल्लेख छ । पालिकाले गाउँपालिका स्तरिय सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन र अन्तर गाउँपालिका भ्रमण खर्च एवं कर्मचारी तथा पदाधिकारीहरूको सुविधा सम्बन्धी मापदण्ड(नर्म्स), २०७९ कार्यपालिकाबाट २०७९/५/२४ मा स्वीकृत गरी लागू गरेकोमा लेखापरीक्षण अबधि २०८०/५/१७ सम्म उक्त कानुन स्थानीय राजपत्रमा प्रकाशित गरेको देखिएन । तर पालिकाले सोही मापदण्डमा उल्लेखित व्यवस्था अनुसार यो वर्ष सञ्चार खर्च बापत प्रमुख प्रशासकिय अधिकृत मासिक रू.२०००/-, ब.ले.अ. मासिक रू.१०००/- र शाखा प्रमुखहरू मासिक रू.५००/-दरले प्रमुख प्रशासकिय अधिकृत, लेखा अधिकृत समेत १६ जनालाई मासिक रू.१०,०००/-दरले रू.१,२०,०००/-भुक्तानी गरेको देखियो । नियमानुसार लागू नै नभएको मापदण्डको आधारमा उक्त खर्च लेख्न मिल्ने नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,२०,००० |

४१ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी निकायले रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नेपर्ने उल्लेख छ । पालिकाले भौ.नं. १४८-०७९/८/२५ बाट वडा नं.७ सचिव शिव प्रसाद न्यौपानेलाई वडा कार्यालय सञ्चालन खर्च वापत रू.२०,८५०/-भुक्तानी गरेकोमा रू.१६,३५०/-को मात्र बिल, भरपाई पेश गरेको देखिएकोले बिल, भरपाई भन्दा बढी भुक्तानी गरेको रू.४,५००/-असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,५०० |

(क) वडा नं.१ को कार्यालयमा करारमा कार्यरत प्राविधिक चौथो विक्रम न्यौपानेले मंसीर महिनामा राजीनामा दिएकोमा निजलाई पुष, माघ र फागुन महिनामा समेत पारिश्रमिक बापत रू.९७,७१८/-भुक्तानी गरेको देखिएकोले निज कार्यालयमा नरहेको अबधिमा पारिश्रमिक भुक्तानी गरेको रकम निजबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९७,७१८ |

(ख) योजना शाखाका सागर श्रेष्ठले सञ्चालन गरेको उपभोक्ता समितिलाई ७ दिने अनुशिक्षण कार्यक्रममा प्रशिक्षण कार्यक्रम २८ सेसन सञ्चालन भएको र सोही अनुसार कार्यक्रम समेत स्वीकृत भएकोमा प्रमुख प्रशासकिय अधिकृत पूर्ण प्रसाद दुलाललाई १४ सेसन समेत गरी कुल ३५ सेसनको प्रति सेसन रू.१,५००/-दरले भौ.नं. ७९५-०८०/३/२४ बाट रू.५२,५००/-खर्च लेखेको देखियो । स्वीकृत कार्यक्रम र वास्तविक रूपमा सञ्चालित सेसन भन्दा ७ सेसन बढीको प्रति सेसन रू.१,५००/-(प्रशिक्षण र कार्यपत्र) दरले रू.१०,५००/-बढी खर्च भुक्तानी दिएको रकम असूल गरी दाखिला गर्नुपर्दछ रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,५०० |

(ग) पालिकाले ठोकर्पा, पाङ्ग्रेटार र थुम्पाखर स्वास्थ्य चौकीको सामाजिक परीक्षण गरेवापत त्रिपुरा परामर्श सेवालाई मू.अ.कर समेत रू.१,००,०००/-भुक्तानी गरेकोमा निजको कर बीजक अनुसार बिल रकम रू.८७,०००/-को मू.अ.कर समेत रू.९८,३१०/-मात्र भुक्तानी गर्नुपर्नेमा भौ.नं. ६९९-०८०/३/१९ बाट रू.१,६९०/-बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी रकम असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६९० |

(घ) पालिकाले सन्देशमुलक बिज्ञापन प्रकाशन गरेबापत सिन्धु पोष्ट साप्ताहिकलाई बिल बमोजिम रू.२०,०००/-भुक्तानी गर्नुपर्नेमा रू.२५,०००/-भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको भौ.नं. ७२६-०७९/११/१६ बाट रू.५०००/-असूल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००० |

४२ **बैठक भत्ता -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्दा आवश्यक बिल, भरपाई र कागजात संलग्न गरी भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। ठोकर्सापा अस्पतालमा एक एक पाईला कार्यक्रम वापत गो भौ नं १३५/२०८०/१/१५ बाट एक द्वार संकट व्यवस्थापन केन्द्रको मामिला व्यवस्थापन समिति बैठकमा उपस्थित पदाधिकारीलाई भत्ता वितरण भएकोमा सो को भरपाई पेश नभएकोले असूल गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु.

| **सि.नं.** | **नाम** | **रकम** |
|---|---|---|
| १ | विनोद राना मगर | १२००० |
| २ | बविन कोईराला | १२००० |
| | **जम्मा** | **२४०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,००० |

***.........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।०१।०३ को निर्णयबाट रु.६९,०००।- सम्परीक्षण गरिएको ।)***

४३ **दैनिक भ्रमण/बैठक भत्ता -** वाग्मती प्रदेश अन्तर्गत गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा खटिएका कर्मचारी तथा पदाधिारीहरुलाई दैनिक भ्रमण तथा अनूगमन मूल्यांकन खर्च भुक्तानी गर्दा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

• अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन स्पष्ट नदेखिएको अवस्थामा उक्त भ्रमण कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने आधार नदेखिएको ।

• सार्वजनिक विदाको दिनहरुमा समेत काठमाडौं र हेटौडा स्थित विभिन्न मन्त्रालयहरुमा काम परेको जनाई काज स्विकृत हुने गरेको ।

• भ्रमण पश्चात् प्रतिवेदन पेश नहुने तथा पेश भएका भ्रमण प्रतिवेदनमा सो अवधिमा सम्पन्न गरेको कामको स्पष्ट विवरण उल्लेख हुने नगरेको ।

• तोकिए बमोजिम भ्रमण अभिलेख खाता नराखेको ।

अतः स्पष्ट प्रयोजन, उद्देश्य र आधार बेगरको भ्रमण खर्च नियन्त्रण गर्न भ्रमण स्वीकृत गर्ने पदाधिकारीले थप ध्यान दिनुपर्ने देखिन्छ ।

४४ **बैठक तथा अनुगमन भत्ता -** पालिकाले विभिन्न विषयगत कार्यक्रम सञ्चालन गर्दा बैठक तथा अनुगमन भत्ता वापत उल्लेखनीय रकम खर्च गर्दै आएकोमा यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छनः

• कार्यालय समयमा नै गर्न सकिने तथा गर्नुपर्ने कामहरुलाई कार्यालय समयको भन्दा अगाडी वा पछाडी बैठक बसी भत्ता भुक्तानी हुने गरेको ।

• पालिकाको नियमित हाजिरी तथा प्रोत्साहन भत्ता भुक्तानी गर्दा विद्युतिय हाजिरीका आधारमा भएता पनि बैठक बसेको दिन र समयको आधारमा परीक्षण गर्दा हाजिरीसँग तालमेल नमिलेको ।

• तोकिए भन्दा बढी र कामको प्रकृत्ति अनुसार आवश्यक नभएका कर्मचारी समेत बैठकमा सहभागी गराई भत्ता भुक्तानी हुने गरेको ।

त्यसैले बैठकको आवश्यकता र औचित्य एकिन गर्दै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका अनुसार बैठक/अनुगमन भत्ता भुक्तानीको व्यवस्था मिलाउने तर्फ ध्यान दिनु पर्दछ ।

४५ **बढी सुविधा -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले अनुसूची-१क मा उल्लेख भए बमोजिमको रकम मासिक सुविधा बापत पाउने उल्लेख छ । पालिकाले वडा नं.६ का वडा अध्यक्ष चक्र बहादुर बस्नेतलाई यातायात खर्च बापत प्रति महिना रू.४,०००/-दरले वार्षिक रू.४८,०००/-उपलब्ध गराउनुपर्नेमा रू.५६,०००/-उपलब्ध गराएको देखिएकोले ऐनले तोकेको सीमा भन्दा बढी यातायात खर्च भुक्तानी गरेको रू.८,०००/-असूल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००० |

४६ **यातायात सुविधा —**

***........... (प्रारम्भिक प्रतिवेदन उपर रू.१,२०,०००/- असूल गरी बेरूजू दाखिला गरेको तथा २,११,३४४/-को सम्बन्धमा प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.३,३१,३४४/- सम्परीक्षण गरिएको ।)***

४७ **दैनिक तथा भ्रमण भत्ता -** भ्रमण खर्च नियमावली, २०६४ को नियम ३(छ) मा जिल्लास्तर वा आयोजना स्तरका कर्मचारीको भ्रमण आदेश सम्बन्धित जिल्ला वा आयोजनास्तरको कार्यालय प्रमुखले स्वीकृत गर्नुपर्ने उल्लेख छ । पालिकाले भौ.नं. गो भौ ७५-०७९/७/४ बाट जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकका देहाय अनुसारका कर्मचारीलाई दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराएकोमा निजहरूको भ्रमण आदेश कार्यालय प्रमुखबाट स्वीकृत नगरी प्रशासकिय अधिकृतले स्वीकृत गरेको, भ्रमणको स्पष्ट उद्देश्य नखुलाएको, एकै स्थान र समयमा उस्तै प्रकृतिको कार्यको लागि फरक फरक भ्रमण आदेश स्वीकृत गरेको तथा भ्रमण बिल स्वीकृत गरेको नदेखिएकोले अन्य कार्यालयका कर्मचारीलाई उपलब्ध गराएको दैनिक तथा भ्रमण भत्ता बापतको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,६०० |

४८ **अनुगमन भत्ता -** पालिकामा पालिका स्तरिय योजना अनुगमनको लागि पालिका उपाध्यक्षको संयोजकत्वमा अनुगमन समिति रहेको छ । पालिकाले भौ.नं. ६७-०७९/७/४ बाट अनुगमन समितिमा नरहेका देहायका कर्मचारीलाई विभिन्न योजना अनुगमन भनि अनुगमन भत्ता वापत रू.१५,३००/-भुक्तानी गरेको देखियो । अनुगमन समिति भन्दा बाहिरका कर्मचारीलाई योजना अनुगमनको नाममा अनुगमन भत्ता भुक्तानी गर्न मिल्ने नदेखिएकोले उक्त रकम असूल गर्नुपर्ने रु.

| नाम | विवरण | रकम |
|---|---|---|
| जीवन श्रेष्ठ | अनुगमन भत्ता | ५१००/- |
| दिनेश थापा | अनुगमन भत्ता | ५१००/- |
| विदुर आचार्य | अनुगमन भत्ता | ५१००/- |
| | **जम्मा** | **१५,३००/-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,३०० |

४९ **जरिवाना भुक्तानी -** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २४ मा आफूले सम्पादन गर्ने काम निर्धारीत समयमा नै सम्पादन गर्न आफैंले पहल गर्ने उत्तरदायित्व जिम्मेवार पदाधिकारीको हुने उल्लेख छ । पालिकाले समयमा विद्युत महशुल भुक्तानी गरी छुट सुविधा समेत प्राप्त गर्नुपर्नेमा समयमा महशुल भुक्तानी गर्न नसक्दा जरिवाना स्वरूप थप दस्तुर बापत देहाय अनुसार रू.३४,४१७/- बढी भुक्तानी गरी पालिकालाई थप व्ययभार पारेको छ । यसमा सुधार हुनुपर्दछ ।

| भौ.नं./मिति | भुक्तानी पाउने | बिल संख्या | बिल रकम | जरिवाना भुक्तानी | शीर्षक |
|---|---|---|---|---|---|
| १५-०७९/६/११ | नेपाल विद्युत प्राधिकरण | ३ | २३६६०/- | ५४२२/- | गा.पा. चालु |
| १८८-०७९/९/१४ | नेपाल विद्युत प्राधिकरण | २ | १२७४२/- | ३१४०/- | गा.पा. चालु |
| ३७५-०७९/११/१७ | नेपाल विद्युत प्राधिकरण | ४ | १०६५१३/- | २५८५५/- | गा.पा. चालु |
| | **जम्मा** | | | ३४४१७/- | |

५० **जिन्सी सामान फिर्ता नगरेको —**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.६६,३७१/- सम्परीक्षण गरिएको ।)***

५१ **जिन्सीतर्फ -**

५१.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

५१.२ **जिन्सी दाखिला—** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५(१) मा कार्यालयले प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनुपर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न योजनाको डिपिआरमा खर्च लेखेकोमा परामर्शबाट प्राप्त निम्न योजनाको डिपिआर प्रतिवेदन जिन्सी दाखिला नगरी भक्तानी गरेको पाइयो । नियमावलीमा व्यवस्था भए बमोजिम निम्न योजनाको डिपिआर प्रतिवेदन (PAMS) मा जिन्सी दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **भुक्तानी रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| ज्ञानीखोला बढाथोकी गाउ हेपो भञ्जयाङ्ग सडकको डिपिआर | Thakur Engineering Consultancy & Design Pvt.ltd | ४९९१५७ | ४७२५५० | ३२८३१७४१३ |
| तिनथुम्के छाप बुद्धपार्क निर्माण डि पि आर | Space Development Engineering PVT Ltd | ४९९०९२ | ४७७४३१ | ३८२२८७२७ |
| चेहेररे देखि तौथली खोलासम्मको | Diyalo Engineering Consultancy | ६९९४८६ | ६९६०८० | ५६३७६९६७९ |

| | | | | |
|---|---|---|---|---|
| कोरीडोर डि पि आर | | | | |
| सुकुटे उखुबारी पुरानकोट मिलडाँडा महेन्द्रकान्ति सडक | East Engineering Solution | ३३२२६७ | ३०१००० | ४०००००० |
| | **जम्मा** | | १९४७०६१ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,४७,०६१ |

५२ **शिक्षातर्फ**

५२.१ **खेलकुद सामाग्री खरिद -** प्रमुख प्रशासकिय अधिकृत र वडा नं.१ का वडा अध्यक्ष कुमार शाही बिच २०८०/३/१८ मा खेलकुद सामाग्री खरिद गर्ने सम्झौता भए अनुसार वडा अध्यक्षले विभिन्न २१ प्रकारका खेलकुद सामाग्री खरिद गरेकोमा पालिकाले बिल बमोजिम रू.२,००,०००/-वडा अध्यक्षको खातामा भुक्तानी गरेको देखियो । पालिकाले भौ.नं. ७५२-०८०/३/२१ बाट खेलकुद सामाग्री खरिदको प्रयोजन स्पष्ट नगरेको, सोको लागत अनुमान स्वीकृत नगरेको, वडा अध्यक्षले खरिद गरेको जनाई निजलाई रकम भुक्तानी गरेको तथा वर्षान्तमा सामान खरिद गरी वडा कार्यालयमा मौज्दात राखेको देखियो । पालिकाले खरिद भएका खेलकुद सामाग्रीको उपयोगको अवस्था यकिन गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

५२.२ **विद्यालय अनुदान -** सुनकोशी गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ को दफा १६ मा गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरूमा आवश्यक पर्ने शिक्षकहरूको दरबन्दी निर्धारण गाउँपालिकाले गर्न सक्ने उल्लेख छ । पालिकाले हालसम्म आफ्नो गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा व्यवस्थापन सर्भेक्षण गरी शिक्षक दरबन्दी निर्धारण/मिलान गर्ने कार्य गरेको छैन । पालिकाले यो वर्ष विद्यालय शिक्षकको स्वीकृत दरबन्दी भित्र पर्ने बाहेक विद्यार्थीको चाप समेतलाई विचार गरेर करारमा नियुक्ती गरीएका थप शिक्षक (निजी स्रोत) तथा बालविकास सहजकर्ताहरूको तलबभत्ताको लागि पालिका अन्तर्गतका विभिन्न विद्यालयलाई गाउँपालिका चालु खर्च शीर्षकबाट रू.१,२९,९१,०४३/- अनुदान उपलब्ध गराएको देखियो । पालिकाले विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको दरबन्दी निर्धारण/मिलान गरेर मात्र अनुदान उपलब्ध गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५२.३ **बढी तलब भुक्तानी -** शिक्षा नियमावली, २०५९ को नियम १०० अनुसार शिक्षकले आफ्नो पदमा बहाल रहँदासम्म नेपाल सरकारले तोकिदिए बमोजिमको तलब र भत्ता पाउने व्यवस्था छ। ठोकर्पा माध्यमिक विद्यालयमा प्रा. वि. द्वितिय श्रेणीमा कार्यरत २०८०/०२/२२ अवकाश प्राप्त शिक्षक गोविन्द बहादुर महतको अवकाश पछिको अवधि आषाढसम्मको तलब भत्ता भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,२८८ |

५२.४ **प्रशिक्षक भत्ता -** अर्थ मन्त्रालयबाट जारी भएको कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ को दफा ७.१.१५ ले सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकेको छ । यस मापदण्डले गाउँपालिकास्तरमा सञ्चालन हुने सहायकस्तर तालिमको प्रशिक्षण पारिश्रमिक कार्यपत्र बापत रु ७०० तथा कक्षा सञ्चालन वापत रु ६०० भुक्तानी गर्नुपर्नेमा पालिकाबाट निम्नानुसारको भुक्तानी गरेकोले कर कट्टी पछीको बाँकी रकम सम्बन्धितबाट असुल हुनपर्ने रु.

| गो भौ नं मिति | प्रशिक्षक | दिएको रकम | दिनुपर्ने रकम | कर कट्टी पछीको बढी भुक्तानी |
|---|---|---|---|---|
| | शान्ति प्रसाद दाहाल | ३६००० | ७८०० | २३९७० |
| | प्रविण कुमार तामाङ | ३६००० | ७८०० | २३९७० |
| | **जम्मा** | **७२,०००** | **७,६००** | **४७,९४०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,९४० |

***.........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।०१।२५ को निर्णयबाट रु.१,३६०।- सम्परीक्षण गरिएको ।)***

५२.५ **विद्यालयगत निकासा रजिष्टर -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने र अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

**(क) पाठ्यपुस्तक वितरण नगरेको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चलाई पुष्टि गर्ने बिल भरपाई, प्रमाण र कागजात संलग्न गरी भुक्तानी गर्नुपर्ने ब्यवस्था छ । पालिकाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई बितरण गर्नको लागि भुँडीपुराण प्रकाशनबाट प्रकाशित शैक्षिक गुणस्तर तथा सुशासन प्रवर्द्धन पूर्व प्राथमिक अभ्यास पाठयपुस्तक सामग्री रु.११३३ को दरले ४९० थान खरिद गरी रु.४९२१५८।— मा पालिकाको जिन्सी खातामा २०८०/०३/२१ दाखिला गरेकोमा सम्बन्धित विद्यालयलाई हालसम्म नपठाई पालिकामै रहेको देखिएकोले यथासिघ्र सम्बन्धित विद्यालयमा पठाई विद्यार्थीहरुलाई वितरण गर्नुपर्ने देखिन्छ ।

५२.६ **भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितामा कबड्डी, भलिबल, कराते, तेक्वान्दो लगायतका खेलका रेफ्रीहरुलाई सेवा उपलब्ध गराए वापत प्रतिदिन रु.६०००।-

को दरले १२ जना रेफ्रीलाई रु.७२०००।- सेवा शुल्क भुक्तानी गरेकोमा १ प्रतिशत मात्र कर कट्टी गरेकोले बाँकी कर १४ प्रतिशत कर कट्टी गरी दाखिला गर्नुपर्ने रु.

| सि.नं. | नाम | रकम | १ % कर | बाँकी कर |
|---|---|---|---|---|
| १ | श्रीराम भण्डारी | ६००० | ६० | ८४० |
| २ | सरोज ऐर | ६००० | ६० | ८४० |
| ३ | मनोज भट्ट | ६००० | ६० | ८४० |
| ४ | तर्कराज भट्ट | ६००० | ६० | ८४० |
| ५ | अमृतमान श्रेष्ठ | ६००० | ६० | ८४० |
| ६ | रमेश श्रेष्ठ | ६००० | ६० | ८४० |
| ७ | प्रकाश दंगाल | ६००० | ६० | ८४० |
| ८ | माधव वि क | ६००० | ६० | ८४० |
| ९ | रमेश गुरुङ | ६००० | ६० | ८४० |
| १० | कुमार बस्नेत | ६००० | ६० | ८४० |
| ११ | गंगा तामाङ | ६००० | ६० | ८४० |
| १२ | सागर सेन्चुरी | ६००० | ६० | ८४० |
| | | | **जम्मा** | **१००८०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,०८० |

## ५३ राष्ट्रपति रनिङ शिल्ड

५३.१ पालिकाले नवौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको विभिन्न इभेन्टमा भाग लिने कार्यमा व्यवस्थापन खर्च वापत प्रेस सल्लाहकार दिनेश थापालाई भौ.नं. ४९४-०८०/१/८ बाट रू.२,००,०००/-शोधभर्ना भुक्तानी गरेको देखियो । पालिकाले प्रतियोगितामा भाग लिने कार्यको व्यवस्थापनमा भएको खर्चको शोधभर्ना भुक्तानी गरेकोमा सोको लागत अनुमान वा कार्यक्रमको खाका स्वीकृत गरेको देखिएन । प्रेस सल्लाहकारले खाना, खाजा, ड्रेस र अनुगमन भत्ता बाँडेको भरपाई पेश गरी शोधभर्ना माग गरेको आधारमा कार्यपालिकाले २०७९/५/२४ मा निर्णय गरी खेलकुद विकास कार्यक्रम शीर्षकबाट उक्त रकम शोधभर्ना गरेको छ । यसरी पालिकाले लागत अनुमान समेत स्वीकृत नभएको कार्यमा कार्यपालिकाबाट निर्णय गरी शोधभर्ना भुक्तानीको नाममा रू.२,००,०००/-भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

५३. उल्लेखित कार्यक्रममा अनुगमन भत्ता बापत गाउँपालिका अध्यक्ष समेत ५ जनालाई रू.१५,०००/-भुक्तानी
२ गरेकोमा निम बहादुर बुढाले रू.३,०००/-भत्ता बुझेको नदेखिएकोले लेखापरीक्षण अबधिसम्म बुझाउन बाँकी रहेको रू.३,०००/-शोधभर्ना भुक्तानी लिनेबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००० |

५४ **स्वास्थ्यतर्फ**

५४. **अस्पताल अनुदान -** गाउँपालिका र एक एक पाइला फाउन्डेशन बिच २०७८/८/१ देखि २०८५ कार्तिक
१ मसान्तसम्म १० शैय्याको ठोकर्पा आधारभुत अस्पताल पालिकाको सहकार्यमा सञ्चालन तथा व्यवस्थापन गर्नेगरी सम्झौता भएको देखियो । सम्झौता अनुसार पालिकाले अस्पतालको वार्षिक कुल सञ्चालन खर्चको पच्चीस प्रतिशत अनुदान उपलब्ध गराउने उल्लेख गरेको छ । यो वर्ष पालिकाले अस्पताललाई रू.५०,००,०००/-अनुदान उपलब्ध गराएको छ । सम्झौतामा अस्पतालको वार्षिक कुल सञ्चालन खर्चको पच्चीस प्रतिशत अनुदान उपलब्ध गराउने उल्लेख गरेतापनि अस्पतालले वार्षिक कुल सञ्चालन खर्चको विवरण पालिकामा पेश गरेको देखिएन भने अस्पतालको लेखापरीक्षण प्रतिवेदन समेत हालसम्म पालिकामा पेश गरेको देखिएन । अतः पालिकाले उपलब्ध गराएको अनुदान रकम अस्पतालको वार्षिक कुल सञ्चालन खर्चको सीमाभित्र पर्छ वा पर्दैन तथा अनदानको सहि र उचित उपयोग भएनभएको सम्बन्धमा पालिकाले थप यकिन गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००,००० |

५४. **बढी तलब भुक्तानी —**
२ ✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल गरी बेरूजू दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु.४५,४५६/- सम्परीक्षण गरिएको ।)***

५५ **स्यानिटरी प्याड -**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाले १३३३२ थान स्यानिटरी प्याड रु.८२८५८४।००(मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

५६ **बढि प्रशिक्षक भत्ता -** अर्थ मन्त्रालयद्वारा जारी भएको कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ को दफा ७.१.१५ ले सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकेको

छ। मापदण्ड अनुसार गाउँपालिकास्तरमा सञ्चालन हुने सीप विकास तालिमको मुख्य प्रशिक्षकलाई ३० दिनसम्म प्रशिक्षण वापत प्रतिदिन रु.७००।- र कार्यपत्र वापत रु.३५०।- भुक्तानी हुने र ३० कार्यदिन भन्दा बढीको तालिमको मासिक रु.१००००।- का दरले प्रशिक्षक भत्ता उपलब्ध गराउनुपर्ने व्यवस्था छ।पालिकाले निम्न तालिम सञ्चालन गर्दा तल उल्लेखित प्रशिक्षकलाई कार्यक्रम सञ्चालन निर्देशिकाले तोकेको दरभन्दा बढी दरमा भत्ता उपलब्ध गराएकोले बढी भुक्तानी असूल गर्नुपर्ने रु.

| तालिमको नाम | तालिम अवधि | प्रशिक्षक | भुक्तानी भएको प्रशिक्षक भत्ता | निर्देशिकाअनुसार भुक्तानी हुनुपर्ने भत्ता | खुद भुक्तानी |
|---|---|---|---|---|---|
| मोटर साईकल मर्मत तथा वर्कसप | २ महिना | राजकुमार गिरी | ६०००० | २०००० | ४०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,००० |

५७ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.५१६८२२३।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१८५४१८४७।११ को २७.८७ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

५८ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष ७९ जनालाई औसत ८९.८७ दिनले १०० दिन रोजगारी उपलब्ध गराई रु.४५९८४८३।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५९ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।पालिकाले सिन्धु विकास बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ ।लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिंदा बैङ्कलाई निकासा भएको रकममध्ये बैङ्कमा बाँकी रहेको रु.९१०००।०० संघीय संचित कोषमा दाखिला गर्नुपर्नेमा कोलेनिका

को खाता नं ०५७०१०००००२००२०००००१ जम्मा गरेको देखिन्छ। उक्त रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९१,००० |

६० **आन्तरिक लेखापरीक्षणबाट कायम भएका ब्यहोराहरु -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाबाट आन्तरिक लेखापरीक्षण भएकोमा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गराउनुपर्नेमा देहायको बेरुजु फछ्र्यौट भएको छैन् । आन्तरिक लेखापरीक्षणबाट देखिएको देहायको बेरुजु फछ्र्यौट गर्नुपर्ने रु.

| गौ भो र मिति | बेरुजुको ब्यहोरा | असुल | प्रमाण |
|---|---|---|---|
| ७-२०७९।६।७ | वडा अध्यक्ष श्री चक्र बहादुर बस्नेतलाई २ महिनाको यातायात सुविधावापत भुक्तानी भएकोमाक बढी भुक्तानी भएको रु.८०००।०० असुल गर्नुपर्ने रु………… | ८०००।०० | |
| ६७-२०७९।७।४ | योजना अनुगमन समितिको सदस्य नभएकोले समेत अनुगमनवापतको भत्ता बुझेको<br>श्री जीवन श्रेष्ठ ५१००<br>श्री दिनेश थापन ५१००<br>श्री विदुर आचार्य ५१०० | १५३००।०० | |
| ७२६-२०७९।११।१६ | गाउँपालिकाबाट सन्देशमुलक विज्ञापन प्रकाशित गरेकोमा २००००।०० बिल पेश गरेकोमा पालिकाद्धारा २५००० भुक्तानी दिएकोमा बढी भुक्तानी दिएको रु….. | ५०००।०० | |
| विभिन्न भौचरहरु ३८७,३२८ र २२९ | वडा नं १ का प्राविधिक चौथो कर्मचारी श्री विक्रम न्यौपानेले मंसिर महिनामा राजिनामा दिएकोमा पुस, माघ र फागुन महिनाको तलब बढी भुक्तानी भएको रु………. | ९७७१८।०० | |
| २२३-२०८०।३।१३ | गाउँपालिका क्षेत्रभित्र विभिन्न विद्यालयमा आयुर्वेद तथा योग शिविर संचालन सम्बन्धमा प्रशिक्षकहरुलाई प्रशिक्षण भत्ता रु.११२०० वितरण | १६८० | |

| | | | |
|---|---|---|---|
| | भएकोमा १५ प्रतिशत कर कट्टी नगरी भुक्तानी भएकोमा कर कट्टी नगरी भुक्तानी गरीएको रु.१६८० रामेश्वर शाहबाट असुल गर्नुपर्ने रु................ | | |
| विभिन्न भौचर २३२, २३३ र २४६ संग सम्बन्धित | दोहोरो पोशाक भत्ता वितरण : ठोकर्पा अध्ययन केन्द्र रु.१०००० सामुदायिक सिकाई केन्द्र थुम्कापाखररु.१०००० र पाङग्रेटार सामुदायिक सिकाई केन्द्र रु.१०००० | ३००००।०० | |
| २३०-२०८०।३।२४ | गाउँपालिकाबाट विभिन्न आपूर्तिकर्तालाई भुक्तानी गर्दा कर कट्टी गरेकोमा मू अ कर वापत रु१४८५३३।०० कर दाखिला नभएकोले उक्त रकमको कर दाखिला प्रमाण पेश गर्नुपर्ने रु....... | | १४८५३३।०० |
| | **जम्मा** | **१५७६९८।००** | **१४८५३३।००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०६,२३१ |

६१ **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष ४ कार्यक्रममा निर्माण व्यवसायी तथा संस्थालाई रु.२७०१३७६।०० पेश्की दिएको छ । पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम भएको नदेखिएकोले सो बमोजिमको हिसाब कायम गर्नुपर्दछ ।

६२ **म्याद नाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.३१५१३७६।६१ बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ४५००००।०० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| पेश्कि लिएको गो भौ र मिति | पेश्कि विवरण | पेश्कि लिनेको विवरण | म्याद नाघेको पेश्की | म्याद ननाघेको पेश्की |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २-२०७९।९।२५ | सियाले सुनखानी सडक | के एण्ड जे कन्स्ट्रक्सन प्रालि | - | ३६४९७१।४० |
| ४-२०७९।१०।२६ | सियाले सुनखानी सडक | के एण्ड जे कन्स्ट्रक्सन प्रालि | - | ३०७४७५।०० |
| २७७-२०७९।१०।१७ | दुर संचार सम्बन्धि कार्यक्रम | एरो नेट प्रालि | - | ११०२०००।०० |
| १३-२०७९।११।०३ | सितापाइला थामडाँडा पदमार्ग | के डि एन कन्स्ट्रक्सन प्रालि | - | ४१५०००।०० |
| १५-२०७९।११।११ | सितापाइला थामडाँडा पदमार्ग | के डि एन कन्स्ट्रक्सन प्रालि | - | २०६०१९।२१ |
| ५३-२०८०।२।९ | कृषि उपज संकलन तथा भण्डारण गृह | के डि एन कन्स्ट्रक्सन प्रालि | - | ५५९११।०० |
| ५४-२०८०।२।२१ | कृषि उपज संकलन तथा भण्डारण गृह | के डि एन कन्स्ट्रक्सन प्रालि | - | २५००००।०० |
| ७५९-२०८०।३।२२ | सुत्केरी महिला तथा मर्तक घर परिवार | ईश्वर तामाङ्ग | ५००००।०० | - |
| ७६०-२०८०।३।२२ | जेष्ठ नागरिक तथा बालबालिका लक्षित कार्यक्रम | ईश्वर तामाङ्ग | १०००००।०० | - |
| ७६७-२०८०।३।२३ | जेष्ठ नागरिक तथा अन्य प्रतिभा सम्मान कार्यक्रम | जाल बहादुर लामा | ५००००।०० | - |
| ७६७-२०८०।३।२३ | दलित समुदाय कार्यक्रम | जाल बहादुर लामा | ५००००।०० | - |

| | | | | |
|---|---|---|---|---|
| ७६७-२०८०।३।२३ | युवा तथा खेलकुद | जाल बहादुर लामा | ५००००।०० | - |
| ७६७-२०८०।३।२३ | सुत्केरी महिला पोषण तथा सहायता कार्यक्रम | जाल बहादुर लामा | ५००००।०० | - |
| ७६७-२०८०।३।२३ | बालबालिका लक्षित कार्यक्रम संचालन | जाल बहादुर लामा | ५००००।०० | - |
| ७६७-२०८०।३।२३ | महिला लक्षित कार्यक्रम संचालन | जाल बहादुर लामा | ५००००।०० | - |
| | **जम्मा** | | ४५००००।०० | २७०१३७६।६१ |

| | |
|---|---|
| पेश्की | ४,५०,००० |

# अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०
कार्यालय र स्थान : सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पूर्ण प्रसाद दुलाल | २०७९-५-२१ | पूरा अवधी |
| लेखा प्रमुख | तारा प्रसाद निरौला | २०७९-५-२१ | पूरा अवधी |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९,२२५,९७० | १०,८०७,६२६ | ८,६१५,९०३ | ० | ० | ४५०,००० |
| | | | | प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | २९,०९९,४९९ |
| | | | | प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु. | ५१५,०६१ |
| | | | | संपरीक्षणबाट थप भएको बेरुजू रु. | ० |
| | | | | लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | २८,५८४,४३८ |

स्थानीय तह : सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक ।

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४८९७०९२०.३२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८०९४७००० | **चालु खर्च** | ३५६२२९६२३.९१ |
| **प्रदेश सरकारबाट अनुदान** | ७१८०९००० | **पूँजीगत खर्च** | १६१९०६७६७.२३ |
| **राजश्व बाँडफाँट** | ७५७१०८५५.६७ | **वित्तीय/अन्य व्यवस्था** | १०८६३९५३४.२६ |
| **आन्तरिक आय** | ४२९०८०५.१२ | | |
| **अन्य आय** | १३१३२९६८२.६२ | | |
| **कुल आय** | ६६४०८७३४३.४१ | **कुल खर्च** | ६२६७७५९२५.४ |
| **बाँकी मौज्दात** | | ८६२८२३३८.३३ | |